# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ६ रिब्दीकोट माघ २७, २०७९ साल संख्याः ४**

**भाग – २**


## रिब्दीकोट गाउँपालिका

रिब्दीकोट गाउँपालिकाको कृषि तथा पशुपन्छी व्यवस्था सम्बन्धी बनेको ऐन, २०७९ बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिम **रिब्दीकोट गाउँपालिका क्षेत्रभित्रको खेतीयोग्य बाँझो जग्गा उपयोग गर्ने सम्बन्धी कार्यविधि** सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## रिब्दीकोट गाउँपालिका क्षेत्रभित्रको खेतीयोग्य बाँझो जग्गा उपयोग गर्ने सम्बन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मितिः २०७९।१०।१७

प्रस्तावनाः रिब्दीकोट गाउँपालिकाभित्र बाँझो जग्गाहरुको लगत संकलन, व्यवस्थापन, संरक्षण र दिगो उपयोगको माध्यमबाट उत्पादकत्त्व बढाई खाद्यान्नमा आत्मनिर्भर बनाउन, भूमिहीन तथा साना किसानको भूमिमा पहुँच र भू-स्वामित्त्व सुनिश्चित गर्न र सबै नागरिकका लागि खाद्य सुरक्षा बसोबासको व्यवस्था गर्न वाञ्छनिय भएकाले रिब्दीकोट गाउँपालिकाको कृषि तथा पशुपन्छी व्यवस्था सम्बन्धी बनेको ऐन, २०७९ ले दिएको अधिकार प्रयोग गरी रिब्दीकोट गाउँपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम "रिब्दीकोट गाउँपालिका क्षेत्रभित्रको खेतीयोग्य बाँझो जग्गा उपयोग गर्ने सम्बन्धी कार्यविधि, २०७९ " रहेको छ ।

ख) यो कार्यविधि रिब्दीकोट गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र मात्र लागु हुनेछ ।

२. विषय वा प्रसँगले अर्को अर्थ नलागेमाः

क) "कार्यविधि" भन्नाले रिब्दीकोट गाउँपालिका क्षेत्रभित्रको खेतीयोग्य बाँझो जग्गा उपयोग गर्ने सम्बन्धी कार्यविधि, २०७९ लाई सम्झनुपर्नेछ ।

ख) "बाँझो जग्गा" भन्नाले परम्परागत रुपमा खेती भैरहेको तर कम्तिमा विगत दुई वर्ष देखि खेती नगरी बाँझो रहेको जग्गालाई सम्झनुपर्दछ ।

ग) "किसान (कृषक)" भन्नाले कुनै पनि खेती गर्न चाहने व्यक्ति तथा सहकारी समूहलाई सम्झनुपर्दछ ।

घ) "व्यवसायिक" खेती भन्नाले परम्परागत खेती भन्दा माथि उठी आयआर्जनमुखी व्यवसायिक नगदे खेतीलाई सम्झनुपर्दछ ।

ङ) "फलफूल" भन्नाले सुन्तला, कागती, लगायत विभिन्न जातका फलफूललाई सम्झनुपर्दछ ।

च) "तरकारी" भन्नाले आलु, फर्सी, तितेकरेला, घिरौला, टमाटर, काउली, बन्दा, प्याज, हरियो कोसा सिमी, हरियो कोसाबोडी आदि सम्झनुपर्दछ ।

छ) "मसलाबाली " भन्नाले अदुवा, बेसार, धनियाँ, अलैंची, खुर्सानी आदि सम्झनुपर्दछ ।

ज) "दलहन" भन्नाले मास, भटमास बोडी, मसुरो, मुङ, रहर, गहत, झिलङ्गा आदि सम्झनुपर्दछ ।

झ) "पशुपन्छी" भन्नाले व्यवसायिक गाईपालन, भैंसीपालन, बाख्रापालन, कुखुरापालन, हाँसपालन, माछापालन, टर्कीपालन, बट्टाईपालन आदिलाई सम्झनुपर्दछ ।

ञ) "स्थानीय तह" भन्नाले रिब्दीकोट गाउँपालिकालाई सम्झनुपर्दछ ।

ट) "अनुदान" भन्नाले बाँझो जमिन व्यवस्थापन गर्नको लागि सम्पन्न गरिने कुनै प्रकारको कृषिजन्य क्रियाकलाप गरेवापत रिब्दीकोट गाउँपालिकाबाट किसानलाई दिईने रकम सम्झनुपर्दछ ।

परिच्छेद - २

३. कार्यविधिको उद्देश्यः

यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

क) खेतीयोग्य जमिन युवाशक्तिको कमीका कारण बाँझिएर गइरहेकोमा उक्त उर्वरा भूमिको अधिकतम सदुपयोग गर्ने ।

ख) गाउँपालिकालाई खाद्यान्न, ताजा मौसमी तथा बेमौसमी तरकारी, ताजा फलफूल, दाल, मसलाबाली तथा दुध, मासु, अण्डामा आत्मनिर्भर बनाउँदै लैजाने ।

ग) गाउँपालिकाका कृषक तथा युवाशक्तिका लागि व्यवसायिक कृषि मार्फत रोजगारीको श्रृजना गर्ने ।

घ) गाउँपालिकाका कृषकहरुलाई आधुनिक कृषि व्यवसायिक बनाउँदै लैजाने ।

ङ) गाउँपालिकाका बेरोजगारीको चपेटामा परेका वा बसाईसराईको तयारीमा रहेका युवाशक्तीलाई व्यवसायिक कृषिमा आकर्षित गरी यस गाउँपालिकामा टिक्ने वातावरण मिलाउने ।

च) विदेशबाट फर्किएका युवाशक्तिका लागि व्यवसायिक कृषि/पशुपालन व्यवसायतर्फ आकर्षित गर्ने ।

४. कार्यक्रमको अपेक्षित प्रतिफलः

यस कार्यविधिको कार्यान्वयनबाट देहाय बमोजिमको उपलब्धिको अपेक्षा गरिएको छ ।

क) बाँझो जग्गाको अधिकतम उपयोग हुनेछ ।

ख) स्वरोजगारीको अवसर सिर्जना हुनेछ ।

ग) खाद्यान्न, तरकारी मसला बाली, फलफूलको उत्पादनमा बृद्धि भई आयतमा प्रतिस्थापन हुनेछ, जसबाट यस रिब्दीकोट गाउँपालिका क्रमशः आत्मनिर्भरतर्फ अग्रसर हुनेछ ।

घ) किसान (कृषक)हरु प्रोत्साहित भई व्यवसायिक कृषि क्षेत्रमा आकर्षित हुनेछन् ।

ङ) युवाशक्ति रोजगारीको लागि देशको अन्य स्थान तथा विदेश पलायन हुन रोकिने छ ।

५. कार्यक्रम सञ्चालनको रणनीतिः

यस कार्यक्रमको रणनीति निम्न बमोजिम रहेको छ ।

क) खेतीयोग्य बाँझो जग्गालाई अधिकतम उपयोग गरी आय-आर्जनमा वृद्धि गर्ने उद्देश्यका साथ प्राथमिकतामा परेको कृषि क्षेत्रको विनियोजित रकम र आवश्यक रकम खर्च गर्ने गरी यो कार्यविधि निर्माण गरी बाँझो जग्गा व्यवस्थापन गर्ने रणनीति तय गरिएको छ ।

ख) यो कार्यक्रम यस आ.व. २०७९/०८० को लागि सञ्चालन गरिने छ । आवश्यकता अनुसार प्रभावकारीता हेरी यस कार्यक्रमलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिन सकिनेछ ।

ग) यस कार्यक्रम अन्तरगत व्यक्ति वा समूहको निजी जमिन,

अर्को व्यक्ति वा समूहबाट लिज वा भाडामा लिइएको जमिन समेटिने छ तर २ वर्ष यता उत्पादनविहीन बाँझो जग्गाको अधिकतम प्रयोगको रणनीति रहेको छ ।

घ) यस कार्यविधी अनुसार उपयोगमा आउन बाँकी रहेको बाँझो जग्गाको सन्दर्भमा बाँझो रहनुको कारण समेतको आधारमा आगामी आ.व. २०७९/०८० देखि बाँझो जग्गामा करको दायरा बढाईनेछ ।

ङ) यस कार्यविधि अनुसारको कार्यक्रम कार्यान्वयन प्रत्येक वडा कार्यालयको सिफारिशमा सम्बन्धित वडा कार्यालय मार्फत गरिनेछ ।

## परिच्छेद - ३

## समिति र समितिका काम, कर्तव्य, अधिकार

६. बाँझो जग्गा व्यवस्थापन समिति:

क) गाउँपालिका क्षेत्रभित्र दुई वर्षसम्म बाँझो रहेका जग्गाहरुको व्यवस्थापन तथा कृषि क्षेत्रको समग्र विकास एवम् प्रवर्द्धन लगायतका कार्य गर्न गाउँपालिकामा एक बाँझो जग्गा व्यवस्थापन समिति रहने छ ।

ख). उपदफा १ बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् ।

अ) गाउँपालिका अध्यक्ष -अध्यक्ष

आ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

इ) कृषि क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य -सदस्य

ई) समितिले मनोनय गरेको विज्ञ एक जना -सदस्य

उ) कार्यपालिकाले तोकेको महिला १ सहित २ जना - सदस्य

उ) समूहबाट छानिएको अध्यक्ष -सदस्य

ए) गाउँपालिकाको कृषि शाखा प्रमुख - सदस्य सचिव

३. समितिले सम्बन्धित क्षेत्रको विशेज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको बैठक सम्बन्धी अन्य कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. समितिले यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप समितिहरु गठन गर्न सक्नेछ ।

६. समितिको सचिवालय गाउँपालिकाको कृषि क्षेत्र हेर्ने शाखामा रहनेछ ।

७. समितिको काम, कर्तव्य र अधिकारः

यस कार्यविधीमा अन्यत्र व्यवस्था भएदेखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिका क्षेत्र भित्र दुई वर्ष सम्म खेतीपाती नगरेका एवम् बाँझो रहेका जग्गाहरुको व्यवस्थापन सम्बन्धी आवश्यक नीति, योजना तथा कानुन तर्जुमा गर्ने ।

ख) गाउँपालिका क्षेत्रभित्र दुई वर्षसम्म खेतीपाती नगरेका एवम् बाँझो रहेका जग्गाहरुको लगत संकलन कार्यका लागि आवश्यक निर्देशन दिने ।

ग) स्थानीय स्तरमा कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने ।

घ) बाँझो जग्गा उपयोग तथा कृषि व्यवसाय प्रवर्द्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने ।

ङ) कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधी तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।

८. प्राविधिक समितिः

खेतीयोग्य बाँझो जग्गा उपयोग गर्न पेश हुने प्रस्ताव उपर प्रारम्भिक जाँचबुझ गर्न देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक कर्मचारी एक जना - सदस्य

ङ) समितिले मनोनयन गरेको व्यवसायिक किसान मध्ये एक जना - सदस्य

च) गाउँपालिकाको कृषि शाखा प्रमुख -सदस्य सचिव

९. प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः

क) खेतीयोग्य बाँझो जग्गा उपयोग गर्न पेश भएका प्रस्ताव उपर प्रारम्भिक जाँचबुझ गर्ने ।

ख) प्रारम्भिक जाँचबुझबाट उपयुक्त देखिएमा अनुगमन मूल्याङ्कन समितिमा पठाउने ।

ग) तोकिए बमोजिमको अन्य कार्यहरु गर्ने ।

१०. अनुगमन/मूल्याङ्कन समितिः

प्राविधिक समितिबाट पेश भएका प्रस्ताव उपर जाँचबुझ गर्न देहाय बमोजिमको एक अनुगमन/मूल्याङ्कन समिति रहनेछ ।

गाउँपालिकाका उपाध्यक्ष -संयोजक

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत -सदस्य

गाउँपालिका सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

गाउँपालिकाका कृषि/पशु शाखाका प्रमुख -सदस्य सचिव

११. अनुगमन/मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः

पेश भएका प्रस्ताव उपर स्थलगत अनुगमन गरी प्रस्ताव छनौटका लागि छनौट समितिमा सिफारिस गर्ने । यसरी सिफारिस गर्दा अनुसूची २ बमोजिमको मापदण्ड अनुरुप मूल्याङ्कन समेत गरी पठाउनु पर्नेछ ।

१२. छनौट समितिः

छनौट प्रक्रियाका लागि देहाय बमोजिमको एक समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - संयोजक |
| आर्थिक विकास समितिको संयोजक | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| गाउँपालिकाको योजना शाखा प्रमुख | -सदस्य |
| कृषि/पशु शाखा प्रमुख | -सदस्य सचिव |

क) अनुगमन/मूल्याङ्कन समितिबाट मार्फत प्राप्त भएका प्रस्ताव उपर आवश्यक निर्णय गर्ने ।

ख) छनौट भएका प्रस्तावकसँग सम्झौता गरी कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

## परिच्छेद - ४

## भूमिको उपयोग सम्बन्धी व्यवस्था

१३. लगत संकलनः

क) खेतीयोग्य बाँझो जमिनको लगत संकलनका लागि कार्यविधि पारित भएको १५ दिन भित्र अनुसूची २ बमोजिमको सूचना प्रकाशन गरिनेछ ।

ख) सूचना प्रकाशन भएपछि सम्बन्धित जग्गाधनीले अनुसूची ३ बमोजिमको ढाँचामा जमिनको विवरण वडा कार्यालयमा पेश गर्नुपर्नेछ ।

ग) जमिनको विवरण पेश नगर्ने धनीलाई तोकिए बमोजिम कारबाही हुनेछ ।

घ) जमिनको विवरण पेश गर्नुपर्ने समय सकिएपछि वडा कार्यालयले ७ दिन भित्र सम्पूर्ण विवरण गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

ङ) सबै वडा कार्यालयबाट विवरण प्राप्त भएपछि गाउँकार्यपालिकाको कार्यालयमा बाँझो जग्गा

व्यवस्थापन समितिले सो को एकिकृत विवरण अनुसूची ७ बमोजिमको ढाँचामा तयार गरी राख्नुपर्नेछ ।

१४. भूमिको वर्गीकरण:

भूमीको एकीकृत विवरण तयार भैसकेपछि कृषि ज्ञान केन्द्र तथा विज्ञ केन्द्रको सहयोग लिई भूमीको उत्पादन क्षमताको आधारमा तपसिल बमोजिम वर्गीकरण गरिनेछ ।

१. खाद्यान्न उत्पादनका लागि उपयोगी
२. तरकारी उत्पादनका लागि उपयोगी
३. नगदेबालीका लागि उपयोगी
४. पशुपालनका लागि उपयोगी
५. फलफूलका लागि उपयोगी

यसरी वर्गीकरण गर्दा कुन-कुन समयमा कुन-कुन बालीबाट बढी उत्पादन लिन सकिन्छ सो समेत यकिन गर्न सकिनेछ । यसरी भूमिको वर्गीकरण पश्चात सो-को एकिकृत विवरण तयार गरिनेछ जसलाई खेतीयोग्य बाँझो जमिन भूमी बैंकका नामले नामाकरण गरिनेछ ।

१५. जमिनको उपयोग गर्ने प्रक्रिया:

१. यस कार्यक्रम बमोजिमको जग्गा उपयोगका लागि कम्तीमा १ महिनाको समय दिई पालिकाले अनुसूची २ बमोजिम सूचना प्रकाशन गर्नेछ ।
२. सूचना प्रकाशन भएपछि सूचनामा तोकिएको म्यादभित्र बाँझो जमिन उपयोग गर्न सुरु गर्नुपर्नेछ ।
३. यसरी गरिने उपयोग सम्बन्धित धनी आफै वा अरु कोही व्यक्ति,समूह वा सहकारीलाई लिजमा दिएर समेत गर्न सकिनेछ त्यसको व्यवस्थापन जग्गाधनी आफैले गर्नुपर्नेछ ।
४. तोकिएको म्यादभित्र उपयोगको सुरु गर्न नसक्ने

वा नचाहने जग्गाधनीले जग्गा उपयोगका लागि गाउँपालिकालाई उपलब्ध गराउन सक्नेछ ।

५. यसरी उपदफा (४) बमोजिम जग्गा उलब्ध गराउँदा कम्तीमा ५ वर्षको लागि लिजमा दिनु पर्नेछ। पहिलो वर्षा जग्गाको मालपोत गाउँपालिकाले तिर्ने र यदि बाँझो जग्गा राखेमा प्रति रोपनी ५०० जरिवाना गर्नुपर्नेछ ।

६. यसरी उपदफा (५) बमोजिम गाउँपालिकालाई उपलब्ध गराएको जग्गाको मालपोत कर गाउँपालिकाले बुझाउँनेछ ।

७. कुनै पनि तवरबाट अन्य व्यक्ति वा समूहको नाममा नामसारी गर्न सकिने छैन वा बिक्री गर्न चाहेमा जानकारी गराउनुपर्नेछ र सो को उपयोग हुने निश्चित भएमा गाउँपालिकाले अनुमति दिन सक्नेछ ।

८. निःशुल्क रुपमा प्राप्त हुने जग्गाको छुट्टै अभिलेख तयार गरी राख्नुपर्नेछ ।

९. निःशुल्क रुपमा उपलब्ध हुने जग्गाको उपयोगका लागि गाउँपालिकाले अनुसूची ३ बमोजिमको समयभित्र इच्छुक व्यक्ति, समूह, सहकारीले गाउँपालिकामा प्रस्ताव पेश गर्न सक्नेछ ।

१६. गाउँपालिका आफैले उपयोग गर्न सक्ने :

भूमि बैंकमा उपलब्ध जग्गा अन्य तवरबाट उपयोग हुन नसकेमा गाउँपालिकाले आफै उपयोग गर्न आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

१७. कर्मचारी व्यवस्थापनः

जग्गा उपयोगका लागि प्रति ५ रोपनी बढीमा २ जनाका दरले हुने गरी कर्मचारी ज्यालादारीमा राख्न सक्नेछ। तर यसरी

कर्मचारी राख्दा खुला सूचना आव्हान गरि करारमा कर्मचारी राख्ने कार्यविधि बमोजिम राख्नुपर्नेछ ।

१८. कर्मचारीको सेवा, सुविधा तथा अन्य शर्तहरु:

क) यसरी राखिएका कर्मचारीको ज्याला समान हुनेछ र त्यस्तो ज्याला दैनिक '..वा निजहरुले काम गरेको कृषि कर्मबाट उत्पादित उत्पादन बिक्रीको ८०% मध्ये सम्झौता गर्दाका बखत जुन ऐच्छिक त्यव बरारबरको भुक्तानी हुनेछ ।

ख) स्पष्टिकरण:- ८०% रकम बाँडफाँड गर्दा यदि कुनै ५ रोपनीमा २ जना कर्मचारीले काम गरेका छन र ५ रोपनीबाट ४ महिनामा ५ लाख आम्दानी भयो भने ५ लाखको ८०% + ४ लाख हुने र सो ४ लाख २ जनालाई बराबर हुने गरी ४ महिनाको एकमुष्ट २/२ लाख प्राप्त हुने ।

ग) कर्मचारीहरुको दुर्घटना बिमा गरिनेछ । तर यसरी छनौट भएका कर्मचारीले २ दिन भन्दा बढी सम्म उपस्थित हुन नसकेमा कारण सहित पेश गर्नुपर्नेछ र सो अवधिमा कामको लागि सट्टा कर्मचारीलाई खटाउन सकिनेछ ।

## परिच्छेद - ५

## कोष सम्बन्धी व्यवस्था

१९. कोषको स्थापना:

१. कोषको स्थापना: बाँझो जग्गा व्यवस्थापन तथा कृषि व्यवसाय प्रवर्द्धन गर्नका लागि एक छुट्टै कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापना गर्न सकिनेछ ।

२. उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम,

ख) गाउँपालिकाबाट प्राप्त रकम,

ग) नेपाल सरकारबाट विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था सँग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकम बापत प्राप्त रकम,

घ) गैर सरकारी संघ संस्थाबाट प्राप्त रकम,

ङ) उत्पादनको बिक्री बितरणबाट प्राप्त आम्दानी रकम,

च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

३. उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि संघीय अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।

२०. कोषको संचालन र व्यवस्थापन:

कोषको सञ्चालन: गाउँपालिकाको नीति, कानुन तथा निर्देशन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्नका लागि कोषको रकम खर्च गरिनेछ ।

कोषको सञ्चालन सम्बन्धी व्यवस्था:

१) कोषको सञ्चालन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

२) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिको सिफारिशमा कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

२१. लेखा र लेखा परीक्षण:

१) कोषको आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ ।

२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद - ६
## अनुदान सम्बन्धी व्यवस्था

२२. मलमा अनुदान (कम्पोष्ट वा रासायनिक):
बाँझो जग्गामा खेती गर्ने कृषकलाई संघीय र प्रदेश सरकारको कार्यक्रमसँग दोहोरो नपर्ने गरीप्रति रोपनी रु.१०००।-का दरले अनुदान रकम उपलब्ध गराइनेछ ।

२३. यन्त्र उपकरणमा अनुदान:
कम्तीमा २५ रोपनी भन्दा बढी बाँझो जग्गामा खेती गर्ने कृषकलाई मात्र संघीय र प्रदेश सरकारको कार्यक्रमसँग दोहोरो नपर्ने गरीयन्त्र उपकरण खरिद गर्दा लागेको रकमको ५०% वा रु. ५०,०००।- (पचास हजार रुपैया) अनुदान रकम उपलब्ध गराइनेछ ।

२४. उत्पादनमा अनुदान:
अनुगमन समितिको मूल्यानङ्कनका आधारमा गाउँ कार्यपालिकाको निर्णय अनुसार प्रोत्साहन स्वरुप अनुदान रकम उपलब्ध गराइनेछ । तर उत्पादनमा अनुदान प्राप्त गर्न योग्य कृषक/कृषक समूहले मल वा यन्त्र उपकरण शीर्षकमा कुनै पनि अनुदान प्राप्त नगरेको हुनुपर्नेछ ।

२५. अनुदान वितरण प्रक्रिया:
यस कार्यविधि बमोजिमको अनुदान देहायका प्रक्रिया पुरा गरी प्रदान गरिनेछ ।

क) सूचना प्रकाशित भएको १५ दिन भित्र कृषकले सम्बन्धित वडामा निवेदन साथै अनुसूची ८ बमोजिमको खेतीयोग्य बाँझो जग्गा उपयोग गर्ने सम्बन्धी अवधारणाको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ ।

ख) निवेदन संकलन भएको ५ दिन भित्र सम्बन्धित वडाको

सिफारिस सहित निवेदन र अनुसूची ३ अनुसारको विवरण गाउँपालिका स्थित कृषि शाखामा पठाउनुपर्नेछ ।

ग) विवरण प्राप्त भएको ५ दिन भित्र कृषि प्राविधिकहरुले मुल्याङ्कन गरी अनुदानका लागि सिफारिस गरिनेछ ।

घ) गाउँपालिकाको कृषि शाखाका प्राविधिकहरुले सिफारिस गरेको १५ दिन भित्र अनुदान निकासा हुनेछ ।

ङ) कुनै कारणवश निवेदकले गलत विवरण पेश गरी अनुदान प्राप्त गरेमा गाउँ कार्यपालिकाले निर्णय गरे अनुसार कारवाही हुनेछ ।

च) बाँझो जग्गा खन्ने/जोत्ने कामको प्राविधिक इस्टिमेट/बाँझो जग्गा खनजोत भई बाली लगाएको वा पशुपालनको हकमा गोठटहरा बनाएको आधारमा प्राविधिक र गाउँपालिकाको कार्यालयबाट अनुगमन गरी सकेपछि प्रतिवेदनको आधारमा रकम भुक्तानी गरिनेछ ।

## परिच्छेद - ७

## बीमा तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था

२६. बीमा सम्बन्धी व्यवस्थाः

१) यस ऐन बमोजिम करार गरी गरिएको कृषि उपजको उत्पादनको सम्झौताको आधारमा बीमा समितिले तोकेको प्रकृया पुरा गरी त्यस्तो बीमा कार्य गर्न अख्तियार पाएको कम्पनीले बिमा गर्न सक्नेछ ।

२) बीमा गर्ने प्रक्रियाका सम्बन्धमा बीमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

३) यस ऐन बमोजिम गरिने व्यवसायिक कृषि करार सम्बन्धित निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागु हुने गरी सम्बन्धित बीमा कम्पनीले बीमा गर्न सक्नेछ ।

४) खेतीयोग्य बाँझो जमिनमा गरिने खेतीको

अनिवार्य रुपमा बीमा गर्नुपर्नेछ। बीमाको लागि संघीय र प्रादेशिक सरकारसँग दोहोरो नपर्ने गरी ५०% अनुदान प्रदान गरिने छ।

२७. क्षतिपूर्ति सम्बन्धी व्यवस्था:
करार कार्यान्वयनको सम्बन्धमा कुनै पक्षका काम कारबाहीबाट अर्को पक्षलाई क्षति पुग्न गएमा करारमा नै क्षतिपूर्तिको मात्रा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझि सो को आधारमा मर्का पर्ने पक्षलाई समितिको सिफारिसमा गाउँ कार्यपालिकाले क्षतिपुर्ति भराइदिने निर्णय गर्न सक्नेछ।

परिच्छेद - ८

२८. विशेष व्यवस्था:
यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखेको भएतापनि एक सिजनमा कुनै एक खाद्यान्न बालीमा ५० क्वीन्टल भन्दा बढी खाद्यान्न उत्पादन गरी बिक्री गर्ने कृषकलाई प्रोत्साहन स्वरुप रु.२५,०००।- पुरस्कार प्रदान गरिनेछ।

परिच्छेद - ९

विविध

२९. जग्गा बाँझो राख्न नपाइने :

१) गाउँपालिका क्षेत्रभित्र कुनै पनि नागरिकले आफ्नो स्वामित्वमा रहेको जग्गाहरु कृषि उत्पादनमा प्रयोगमा नल्याई बाँझो राख्न पाउने छैन।

२) यदि कोही कसैले खेतीयोग्य जमिन बाँझो राखेको पाइएमा गाउँ कार्यपालिकाले तोके बमोजिमको जरिवाना लगाइने छ।

३०. जग्गाको स्वामित्व हस्तान्तरण नहुनेः

कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

तर कृषि प्रयोजका लागि प्रयोगमा ल्याएको जग्गाको मालपोत कर, जग्गा करारमा लिने व्यक्ति वा फार्मले नै गाउँपालिकामा तिर्नुपर्नेछ ।

३१. पुनः करार गर्न नपाइने :

यस ऐन बमोजिम करार गर्ने पक्षले दोस्रो पक्षको सहमति नलिई सोही विषयमा तेस्रो पक्षसँग पुनः करार गर्न पाउने छैनन् ।

३२. नियम बनाउन सक्नेः

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन वा यस कार्यविधिमा संशोधन समेत गर्न सक्नेछ ।

३३. बाधा अड्काउ फुकाउः

यस कार्यविधिको व्याख्यामा दुविधा भएमा गाउँपालिकाको निर्णयका आधारमा निकास निकालिने छ ।

## अनुसूची -१

## बाँझो जग्गाको लगत संकलन अभिलेखको ढाँचा

| सि.नं. | जग्गाधनीको नाम थर | जग्गा धनीको ठेगाना | | क्षेत्रफल | जग्गाको किसिम | खेती नगर्नुको कारण | बाँझो रहेको अवधि | सम्पर्क नम्बर | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं. | टोल | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| | |
|---|---|
| तयार गर्नेको | प्रमाणित गर्नेको |
| दस्तखत: | दस्तखत: |
| नाम थर: | नाम थर: |
| पद: | पद: |

## अनुसूची -२

## बाँझो जग्गा सम्बन्धी प्रस्ताव आव्हान गरिएको सूचना ।

रिब्दीकोट गाउँपालिकाको आ.व.२०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बाँझो जग्गा व्यवस्थापनको लागी फलफूल/तरकारी/मसलाबाली/अन्नबाली/मौरीपालन चरन विकास/ च्याउखेती/पशुपालन तथा चरन विकास/पुष्प बगैंचा तथा पुष्पखेती /कृषि पर्यटन सम्बन्धी अन्य कृषि योजना/माछा/हाँसपालन/व्यावसायिक कृषि आदि अन्य खेती व्यवसाय कार्यक्रमको माध्यमबाट बाँझोजग्गा व्यवस्थापन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक व्यवसायिक कृषकहरुबाट दरखास्त आव्हानको लागि यझ सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा सम्बन्धित वडा कार्यालयमा दरखास्त दिनुहुन अनुरोध छ ।

*पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्नुहुन समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।*

तपशिलः

१. अनुसूची-३ अनुसारको आवेदन फाराम ।
२. अनुसूची-८ अनुसारको संक्षिप्त कार्य योजना ।
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
४. अन्य प्रमाणपत्रहरुको (विषयगत तालिम, विषयगत शैक्षिक योग्यता आदि ।) प्रतिलिपि ।
५. सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र ।
६. बाँझो रहेको जग्गाको जग्गाधनी प्रमाण-पत्रको प्रतिलिपि ।
७. लिज/भाडामा लिएको भए सम्झौताको प्रतिलिपि ।
८. विवरण साँचो हो भनी वडा प्रतिनिधि सहितको चौकिल्ला खुल्ने मुचुल्का ।

अनुसूची - ३
आवेदन फाराम

मिति :................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रिब्दीकोट गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा ।

विषय बाँझो जग्गा उपयोग अनुदान सम्बन्धमा ।

प्रस्तुत विषयमा म यस रिब्दीकोट गाउँपालिका वडा नं.... को स्थायी बासिन्दा हुँ । त्यस कार्यालयको मिति २० / / गतेको सूचना अनुसार बाँझो जग्गामा खेती गर्न अनुदानका लागि निवेदन माग भएकोमा तपशिलको विवरण सहित सो अनुदान रकम प्राप्त गर्न यो निवेदन पेश गर्दछु ।

विवरण:

१. बाँझो जग्गाको क्षेत्रफल:
२. खेती गर्न चाहेको बाली: फलफूल/तरकारी/मसलाबाली/अन्नबाली/मौरीपालन/च्याउखेती/ पशुपालन/पुष्प बगैंचा तथा पुष्पखेती/कृषि पर्यटन सम्बन्धी अन्य कृषि योजना/माछा/हाँसपालन/व्यावसायिक कृषि आदि अन्य खेती व्यवसाय
३. जग्गा धनीको नाम थर:
४. जग्गाको स्वामित्व: आफ्नै/भाडा/लिज
५. जग्गाको किसिम: खेत/पाखोबारी

उपर्युक्त अनुसारको विवरण ठीक साँचो हो झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदकको नाम:
हस्ताक्षर:
नाम:
ठेगाना:
सम्पर्क नम्बर:

संलग्न कागजातहरु:

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१
२. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि-१
३. सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र -१ र चौकिल्ला प्रमाणित समेतको मुचुल्का १
४. लिज/भाडामा लिएको सम्झौताको प्रतिलिपि-१

## अनुसूची - ४

## बाँझो जग्गा व्यवस्थापन कार्यक्रमको प्रस्ताव मूल्याङ्कनको ढाँचा

फलफूल/तरकारी/मसलाबाली/अन्नबाली/मौरीपालन/च्याउ खेती/पशुपालन तथा चरन विकास/पुष्प खेती/कृषि पर्यटन सम्बन्धी अन्य कृषि योजना व्यवसायिक कृषि आदि अन्य खेती व्यवसाय कार्यक्रमको प्रस्ताव मूल्याङ्कन फाराम

| क्र.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कृषि व्यवसाय प्रतिको अनुभव तालिम (३०) | पेश गरेको कार्ययोजना (४०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयुक्तता (१५) | वास्तविक लक्षित वर्ग(१५) | कुल प्राप्ताङ्क (१०) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

# अनुसूची -५

## सम्झौताको पत्र

रिब्दीकोट गाउँपालिकाको आ.व. २०७९/ / को वार्षिक स्वीकृत कार्यक्रम “खेतीयोग्य बाँझो जग्गा उपयोग गर्ने सम्बन्धी कार्यक्रम“ संचालन गर्नका लागि मिति.................... मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार यस कार्यालयको मिति...................... .......को निर्णयले जम्मा लागत ................मध्ये कार्यालयबाट अनुदान रु...................... हुनेगरी तपसिल अनुसारको शर्तहरुको अधीनमा रही यो सम्झौता गरिएको छ ।

| क्र. सं. | क्रियाकलाप | खेतीयोग्य बाँझो जमिन | कार्यालयबाट व्यहोर्ने लागत रकम | कृषकको लगानी | जम्मा लागत रकम | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१) यो सम्झौता पत्र गाउँपालिका, कृषि शाखा (प्रथम पक्ष) र सम्बन्धित .................... (दोस्रो पक्ष) विच बाँझो जग्गामा खेती कार्यक्रम संचालन गर्ने कार्यका लागि प्रयोग हुनेछ ।

२) यो सम्झौता दुवै पक्षबाट हस्ताक्षर भएको मिति देखि प्रारम्भ हुनेछ ।

३) दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र शुरु गर्नुपर्नेछ ।

४) प्रथम पक्षले दोस्रो पक्षलाई अनुदान ग्राहीलाई कार्य सम्पन्न पश्चात अनुगमनका आधारमा सम्झौता बमोजिम अनुदान रकम उपलब्ध गराइनेछ ।

५) सम्झौता बमोजिमकव कार्य पुरा भएपछि कार्यालयबाट व्यहोर्ने लागत रकम एकमुष्ट रुपमा प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

६) अनुदान बापत रु. .......... (अक्षरेरुपी....................... मात्र ) नियमानुसार कर कट्टी गरी प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिनेछ ।

७) दोस्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ ।

८) पहिलो पक्षले कार्यक्रमको नियमित अनुगमन गर्नेछ ।

९) दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य नगरेको पाइएमा प्रथम पक्षले भुक्तानी दिन बाध्य हुनेछैन वा अनुदान रकमको दुरुपयोग गरेको पाइएमा सरकाररी बाँकी सरह असुल उपर गरिनेछ ।

१०) दोस्रो पक्षको बैंक खाता विवरण निम्न बमोजिम हुनेछ र यदि कार्यक्रम संचालन अवधिमा यी विवरणहरुमा कुनै परिवर्तन हुन गएको हकमा दोस्रो पक्षले प्रथम पक्षलाई तत्काल जानकारी गराउनु पर्नेछ ।

| | |
|---|---|
| बैंकको नाम तथा ठेगाना: | |
| बैंक खाताको नाम: | |
| बैंक खाता नम्बर: | |
| बैंक खाताको किसिम: | |
| खाता संचालकको नाम:<br>पद | |

प्रथम पक्षको तर्फबाट:
दस्तखत:
नाम थर:
पद:

दोश्रो पक्षको तर्फबाट:
दस्तखत:
नाम थर:
पद:
ठेगाना:
सम्पर्क नम्बर:

# अनुसूची -६

## स्व-घोषणा पत्र

कृषि विकास शाखा, रिब्दीकोट गाउँपालिकाद्वारा संचालन हुन गईरहेको बाँझो जग्गा व्यवस्थापन कार्यक्रमका लागि प्रोत्साहन कार्यक्रमको लागि म सँग पाल्पा जिल्ला रिब्दीकोट गाउँपालिका, वडा नं........ टोल.................................. मा ................................ ..को नाममा दर्ता कायम रहेको ......................................... रोपनी जग्गा .................. वर्ष देखि बाँझो रहेको स्वघोषणा गर्दछु ।

उपर्युक्त व्यहोरा ठीक, साँचो हो । गलत ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

| सि.नं. | आवेदकको नाम थर | नागरिकता नं. | बाँझो जग्गाको कित्ता नं. | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नाम थरः
ठेगगानाः
खेती गरिने बाली/व्यवसायः
जग्गाको क्षेत्रफलः
हस्ताक्षरः

## अनुसूची - ७

## एकीकृत जग्गाको विवरण

सार्वजनिक/सरकारी/व्यक्तिको नाममा रहेको बाँझो जग्गा सम्बन्धि विवरण

| क्र.सं. | सार्वजनिक/सरकारी/ व्यक्तिको विवण | ठेगाना | कुल खेतीयोग्य जमिन (हे.रो.) | बाँझो रहेको जमिन (हे.रो.) | बाँझो रहन शुरु गरेको वर्ष | बाँझो जमिनको प्रकार (खेत/पाखो) | बाँझो रहनुको कारण | बाँझो जमिनमा सिंचाइको उपलब्धता (बर्षभरि, मौसमी, नभएको) | बाँझो जमिनमा लगाउन सकिने बाली/वस्तु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची - ८

## खेतीयोग्य बाँझो जग्गा उपयोग गर्ने सम्बन्धी अवधारणाको संक्षिप्त कार्ययोजना

१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण:

| | |
|---|---|
| आवेदक नाम: | |
| पुरा ठेगाना (पत्राचारको लागि) | |
| आवेदक संस्थाको किसिम (कुनै एक मात्र चिन्ह लगाउने) | १.कृषक<br>२. कृषक समूह<br>३. सहकारी<br>४. निजी फार्म |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोप्राईटरको वा अध्यक्षको नाम | |
| मोबाइल नम्बर | |
| परियोजन स्थल (कार्य क्षेत्र) | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |

२) व्यवसायिक कार्ययोजना:

| क्र.सं. | बाँझो जग्गाको क्षेत्रफल | संचालन गरिने कृषि सम्बन्धि व्यवसाय | बार्षिक उत्पादन (अनुमानित) | वार्षिक कुल अनुमानित आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

३) संचालन हुने मुख्य क्रियाकलापहरु र अनुमानित लागतः

| क.सं. | क्रियाकलापको विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |

आज्ञाले
पवन अर्याल
प्रमुख प्रशासकीय अधिकृत